# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २२ ] काठमाडौं, आश्विन २३ गते २०२६ साल [ संख्या २६


### श्री ५ को सरकार

### अर्थ मन्त्रालय

**नेपाल राष्ट्र बैङ्क (झुत्रो नोट धुल्याउने) (पहिलो संशोधन) नियमहरू २०२६**

नेपाल राष्ट्र बैङ्क (झुत्रो नोट धुल्याउने) नियमहरू २०१८ (यस पछि मूल नियमावली भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल राष्ट्र बैङ्क ऐन २०१२ को दफा १७ ले दिएको अधिकार र यस सम्बन्धमा प्राप्त अरू सबै अधिकारको प्रयोग गरी नेपाल राष्ट्र बैङ्कको संचालक समितिले श्री ५ को सरकारको स्वीकृती लिई देहायका नियमहरू बनाएको छः-

१. <u>संक्षिप्त नाम र प्रारम्भः-</u> (१) यी नियमहरूको नाम "नेपाल राष्ट्र बैङ्क (झुत्रो नोट धुल्याउने) (पहिलो संशोधन) नियमहरू २०२६ रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. <u>मूल नियमावलीको नियम ३ मा संशोधनः-</u>मूल नियमावलीको नियम ३ को खण्ड (ख) को पहिलो हरफको "रू. १०० दरको" र "करेन्सी नोट" भन्ने वाक्यांशहरूको बीचमा "र सोभन्दा माथिल्लो दरको" भन्ने वाक्यांश थपिएको छ ।

349

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमावलीको नियम ४ मा संशोधनः- (१) मूल नियमावलीको नियम ४ को खण्ड (क) र (ख) को सट्टा देहाएको खण्ड (क) र (ख) राखिएको छ ।

(क) नोट विभागमाः-

(१) नोट विभागका मुद्रा अधिकृत वा बैङ्कले तोकेको अधिकृत,

(२) नोट विभागका खजान्ची वा निजको प्रतिनिधि,

(३) निरिक्षण विभागको अधिकृत प्रतिनिधि, र

(४) अर्थ मन्त्रालयको अधिकृत ।

(ख) अन्य कार्यालयहरूमाः-

(१) कार्यालय प्रमुख,

(२) बैङ्कले तोकेको अधिकृत,

(३) खजान्ची वा निजले तोकेको अधिकृत, र

(४) मालपोत असूल गर्ने स्थानीय कार्यालयका हाकिम वा निजको प्रतिनिधि ।

४. मूल नियमावलीको नियम ५ मा संशोधनः- मूल नियमावलीको नियम ५ मा रहेको "अफिस प्रमुख" भन्ने शब्दको सट्टा "बैङ्कले तोकेको अधिकृत" भन्ने वाक्यांश राखेको छ ।

५. रूपान्तरः- मूल नियमावलीमा रहेको देहायका शब्दहरूलाई देहायबमोजिम रूपान्तर गरिएको छ ।

(१) ट्रेजरर- - - - -मुद्रा अधिकृत ।

(२) क्याशियर - - - - - -खजान्ची ।

आज्ञाले-
नरकान्त अधिकारी
श्री ५ को सरकारको का. मु. सचिव

३४२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

# अर्थ मन्त्रालयको

## सूचना

सवारी कर ऐन २०१८ को दफा ७ (२) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले निम्नलिखित योजनाको काममा प्रयोग हुने तथा सो योजनाको काममा आउने बिदेशी कामदार कर्मचारी र प्राबिधिज्ञले प्रयोग गरेको सवारी साधनमा सवारी कर नलाग्ने गरी छुट दिएको छ ।

१. एशियाली बिकास बैङ्क, मनिलाबाट सल्लाहकार भई आउनुभएका डा. एस. सी. जेनले पश्चिम जर्मनीबाट झिकाएको भक्स वाईगन गाडी १ एकमा बीरगञ्जबाट काठमाण्डौ सम्म ल्याउंदा मात्र ।

२. सुनकोशी तराई योजना तथा योजनाको काममा आएका बिदेशी कामदार कर्मचारीको नाममा दर्ता भएको सवारी साधनमा ।

३. वन बिकास आयोजना तथा आयोजनाको काममा आएका बिदेशी कामदार कर्मचारीको नाममा दर्ता भएको सवारी साधनमा ।

४. चितौंन योजना बारे भएको प्राबिधिज्ञ सम्झौताअनुसार एशियाली बिकास बैङ्कबाट आउने प्राबिधिज्ञ दलको सवारी साधनमा ।

५. महेन्द्र-राजमार्गको बुटवल-नारायणघाट सेक्शनको निर्माण कार्यार्थ नौतनवास्थित बृटिश प्रोजेक्ट अन्तरगतका गाडीहरूमा र उक्त प्रोजेक्टको काममा आएका बिदेशी कामदार कर्मचारीको नाममा दर्ता भएको सवारी साधनमा ।

आज्ञाले-

नरकान्त अधिकारी

श्री ५ को सरकारको का. मु. सचिव

323

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग सिंहदरबार

३४८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।